महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १८ अङ्क : १२ महिना : असोज-पुस, २०७४

## हिंसामा महिला र बालबालिका

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन प्रतिदिन घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, दाइजो तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ ।

अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेको छैन । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेको छैन ।

यसै सन्दर्भमा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हरेक महिना महिला तथा बालबातिकामाथि भएका हिंसाका अखबारमा आएका घटनालाई अभिलेखनगरी मासिक बुलेटिनको रुपमा तयारपारी सार्वजनिक गर्दै आइरहेको छ ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७४ को असोज-पुस महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका १९ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित १२ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ७ वटा हिंसासँग सम्बन्धित समाचार प्रकाशित भएका छन् । प्रकाशित समाचारमा अनुसार ५ महिलाको हत्या भएको छ । त्यसैगरी बलात्कार, कुटपीट तथा बिष्फोटमा परी घाइते, यौनदुव्यवहार, यातना लगायतका हिंसाका घटनाहरु सार्वजनिक भएका छन् ।

गत महिनाहरुका तुलना गर्ने हो भने अहिले महिला र बालबालिकासँग सम्बन्धित हिंसाका घटनामा कमी आएको देखिन्छ । चार महिनाको अवधिमा प्रतिनिधिसभाको चुनावका कारण पत्रपत्रिकामा त्यससँग सम्बन्धीत समाचारमा बढी केन्द्रित भएका कारण पनि हिंसासँग सम्बन्धित समाचार कम प्रकाशित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

**हिंसामा महिला :**

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नयाँपत्रिका र अन्नपूर्ण पोष्टका अनुसार चार महिनामा १२ वटा महिला हिंसासँग सम्बन्धीत समाचार प्रकाशित छ । त्यसमध्ये ५ महिलाको हत्या भएको छ । हत्या प्रयास, कुटपिट, विष्फोट लगायतका घटनामा घाइते र बन्धक तथा यौनदूर्व्यवमा ३-३ जना महिला पीडित भएका छन् । त्यसैगरी बोक्सी आरोपमा २ महिला पीडित भएको समाचार प्रकाशित भएको छ ।




**हिंसामा बालबालिका :**

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ७ वटा पहिचान गरेका छन् । बलात्कारको शिकारमा परेका ३ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । बलात्कृत बालिका मध्ये १५ बर्षीया सुस्त मनस्थितिकी बालिकालाई बर्ष ६४ का वृद्धले बलात्कार गरेको समाचार प्रकाशित भएको छ । त्यसैगरी खुकुरी प्रहार, बमविष्फोट लगायतका घटनामापरी ३ बालबालिका घाइते छन् । मोरङ बेलबारीमा पैसा चोरेको आरोपमा दलित थरकी बालिकालाई कालोमोसो दली चरम यातना दिएको समाचार पनि प्रकाशित भएको छ ।




## क्षेत्रगत आधारमा :

चार महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा प्रदेश नं. (१) ६, प्रदेश नं. (२) ३, प्रदेश नं. (३) १, प्रदेश नं. (५) २, र प्रदेश नं. (६) २ वटा गरी जम्मा १४ वटा समाचार प्रकाशित भएका छन् । दुई प्रदेश प्रदेश नं. (४) र प्रदेश नं. (७) कुनै पनि समाचार प्रकाशित प्रकाशित भएको पाइएको छैन ।

थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१- ५५४४२०५, ५२६१९०४ मा सम्पर्क गर्न अनुरोध छ ।